मध्यपश्चिम विश्वविद्यालय

# परीक्षा व्यवस्थापन कार्यालय

सुर्खेत, नेपाल

**सत्रान्त परीक्षा - २०८१**

**तह : एम.एड./ प्रथम सेमेस्टर**

**बिषयः** भाषाविज्ञान (नेपा.शि. ५१३)

**रोल नं. ........................**

**समूह 'क'**

**तलका दिइएका बहुवैकल्पिक प्रश्नहरूको सही उत्तर छान्नुहोस् । १०x१= १०**

१. नेपाली भाषामा श, ष, स वर्णको उच्चारणमा 'स' मात्र हुनु कस्तो व्यवस्था हो ?
(क) व्याकरण व्यवस्था (ख) खुला व्यवस्था
(ग) अर्थ व्यवस्था (घ) वर्ण व्यवस्था

२. भाषाको सबैभन्दा सानो तर अर्थपूर्ण एकाइलाई के भनिन्छ ?
(क) ध्वनि (ख) वर्ण
(ग) रुप (घ) शब्द

३. संवृत्त, पश्च र गोलित स्वर कुन हो ?
(क) अ (ख) आ
(ग) उ (घ) ओ

४. व्याकरणात्मक कोटिका आधारमा शब्दमा हुने परिवर्तनलाई के भनिन्छ ?
(क) शब्द व्युत्पादन (ख) शब्द रुपायन
(ग) द्वित्व (घ) समास

५. सिकारुमा भाषाका आधारभूत सिप विकाससँग सम्बन्धित पक्षको अध्ययन गर्ने भाषाविज्ञानको शाखा कुन हो ?
(क) भाषाशिक्षण (ख) कोशविज्ञान
(ग) शैलीविज्ञान (घ) व्यतिरेकी भाषाविज्ञान

६. पदावलीमा मुख्य वा अनिवार्य हुन आउने पदलाई के भनिन्छ ?
(क) विशेषक पद (ख) शीर्ष पद
(ग) पद सङ्गति (घ) पद शासन

७. वाक्यात्मक संरचनाको निकटता देखाउने प्रमुख पद्धति कुन हो ?
(क) बाकस पद्धति (ख) वृक्षरेख पद्धति
(ग) कोष्ठक पद्धति (घ) धर्के पद्धति

८. समध्वन्यात्मक अर्थसम्बन्ध भएका शब्द कुन कुन हुन् ?
(क) टाटो - तातो (ख) बालक - जवान
(ग) दाजु - भाइ (घ) छोरा - छोरी

९. संसारका भाषामा व्याकरणिक पदक्रम कति किसिमका छन् ?
(क) ३ (ख) ४
(ग) ५ (घ) ६

१०. कृदन्त शब्द कुन हो ?
(क) रसिलो (ख) घरेलु
(ग) खाएको (घ) वर्षेनी

मध्यपश्चिम विश्वविद्यालय

# परीक्षा व्यवस्थापन कार्यालय

सुर्खेत, नेपाल

**सत्रान्त परीक्षा - २०८१**

**तह : एम.एड./ प्रथम सेमेस्टर** **पूर्णाङ्क: ६०**

**समय: ३ घण्टा** **उत्तीर्णाङ्क: ३०**

**विषय:** भाषाविज्ञान (नेपा.शि. ५१३)

---

*परीक्षार्थीहरूले मौलिक तथा सिर्जनात्मक ढङ्गले उत्तर दिनुपर्ने छ ।*

**समूह 'ख'**

**तलका प्रश्नहरूको सङ्क्षिप्त उत्तर लेख्नुहोस् ।** **६×५= ३०**

१. भाषाविज्ञानको परिचयसहित यसको उपयोगिता बताउनुहोस् ।

२. भाषाविज्ञानका केन्द्रीय र परिधीय क्षेत्रलाई चिनाउनुहोस् ।

३. अन्तर्राष्ट्रिय ध्वनि तात्विक वर्णमाला र यसका विशेषता उल्लेख गर्नुहोस् ।

**अथवा**

मानस्वरको तालिकासहित प्रधान मानस्वरलाई चिनााउँनुहोस् ।

४. वर्ण विश्लेषणका व्यतिरेकी र परिपूरक सिद्धान्तलाई नेपाली भाषाका उदाहरणसहित स्पष्ट गर्नुहोस् ।

५. सङ्गति र शासनलाई उदाहरणसहित स्पष्ट चिनाउनुहोस् ।

६. शब्द व्युत्पादन प्रक्रिया उल्लेख गर्दै सर्गद्धारा शब्द निर्माण प्रक्रियालाई उदाहरणसहित स्पष्ट गर्नुहोस् ।

**अथवा**

वर्ग परिवर्तक र वर्ग अपरिवर्तक व्युत्पादनलाई उदाहरणसहित स्पष्ट गर्नुहोस् ।

**समूह 'ग'**

**तलका प्रश्नहरूको लामो उत्तर लेख्नुहोस् ।** **२×१०= २०**

७. संरचनात्मक अर्थविज्ञानको परिचय दिँदै अर्थसम्बन्ध र यसका प्रकारलाई उदाहरणसहित स्पष्ट पार्नुहोस् ।

८. चम्स्कीको रूपान्तरण व्याकरणका आधारभूत अवधारणालाई विस्तृत रुपमा चर्चा गर्नुहोस् ।

**अथवा**

अवशेष र सञ्चलनका सम्बन्धमा स्पष्ट पार्दै वाक्यको समतलीय र तहगत संरचनालाई उदाहरणसहित प्रस्तुत गर्नुहोस् ।

**समाप्त**